# ८ सुसमाचार प्रसारप्रसार र आत्मपरिवर्तनको गवाही दिनको निम्ति चाहिने सामग्रीहरु

*यस अध्यायको निम्ति पढ्नुहोस्:* मत्ती ४:१९, मत्ती ११:१-११, मत्ती १०:१-१४, १ पत्रुस ५:८, २ पत्रुस ३:९।

*स्मरण गर्नु पर्ने पद:* "येशूले भन्नुभयो, 'मेरो पछि लाग। म तिमीहरूलाई मानिसहरूको माझी बनाउँछु' " (मत्ती ४:१९ रूपान्तरित)।

मूल सोचः हामी गवाही दिनमा सक्षम् हौंला र अनेकन् तालिम वा शिक्षादिक्षाबाट गवाही दिने काममा पौरख हौंला। तर येशूसँग बलियो र घनिष्ट सम्वन्ध पनि राखिरहनुपर्दछ। अनि हाम्रो विश्वासको निम्ति गरेको गवाही सफल हुनसक्छ।

**मानौं कसैले आफूले मुक्ति पाएको छु वा अनन्त जीवनको अनुभूति अहिले पाइरहेको छैन भन्ने आभास भइरहेको छ रे।** त्यस्तो खालको व्यक्तिले अरूलाई येशूसँग मुक्तिको सम्वन्ध राख्न उसलाई डोहोऱ्याउन सक्षम् हुँदैन। तर कहिलेकाहिँ येशूलाई विश्वास नगर्नेले पनि अरूलाई उहाँतिर तान्न सक्दछ। बाइबलका शिक्षादिक्षा, तथ्यहरू, बाइबलका मितीहरू र चित्रहरूका ज्ञानले अरूलाई उसले प्रभाव पार्न सक्दछ। सबैको हित चाहने भावनाले प्रेरित हुने त्यस्ता व्यक्तिले अरूको जीवनशैलीमा पनि परिवर्तन ल्याउन सक्दछन्। ख्रीष्ट येशूलाई भाऊ नदिइकन जुनसुकै मानिसले पनि असल काम त गर्न सक्दछ। तर गवाही दिने र सुसमाचार प्रचार गर्ने तालिममा येशूप्रतिको घनिष्ट विश्वास र आत्मज्ञान अर्थात् शिक्षादिक्षा समावेश हुनु अत्यन्त अनिवार्य ठान्नुपर्दछ। सफल प्रचारक हुन आफूले पनि अनन्तको सुसमाचारको ज्ञान हुनुपर्दछ र त्यसको अनुभव आफूले पनि गरेको हुनुपर्दछ। सुसमाचारले के गर्छ भन्दा यसले मानिसहरूले आफूले गरेका पापहरू स्विकार गर्न सहायता गर्दछ, जीवनशैली परिवर्तन गराउँछ र आँशिक होइन, पूरै येशूलाई पछ्याउन मद्दत गर्दछ।

मानिसहरूलाई आत्मिक रूपमा तयार गर्न, गवाही र सुसमाचार प्रचार गर्न केहि सामग्रीहरू वा औजारहरूको आवश्यकता पर्दछ। यस अध्यायमा ती सामग्रीहरू तिनीहरूलाई उपलव्ध गराउनु पर्छ भनेर

बाइबलले चर्चहरूलाई दिएको निर्देशन यस अध्यायमा हेर्नेछौं। आआफ्नो क्षेत्रमा रहेर सुमाचार प्रचार गर्नुपर्छ र गवाही दिनुपर्छ भनेर चर्चले विश्वासीहरूलाई प्रोत्साहन दिनुपर्दछ।

## १. तालिमको आवश्यकता (मत्ती ४:१९)

धेरै बाली पाकिसक्यो तर त्यसको कटानी गर्न कामदारहरू थोरैमात्र छ भनेर येशूले चेलाहरूलाई भन्नुभएको थियो भनेर मत्ती ९:३७मा उल्लेख गरिएको छ। त्यो स्थिति दुई हजार वर्ष अघिको थियो। आज पनि त्यो स्थिति जारी नै छ। पहिलेको भन्दा बाली अहिले प्रसस्त छ तर खेतमा काम गर्नेहरू अहिले पनि थोरै छन्। तालिमप्राप्त कामदारहरू अर्थात् सुसमाचार प्रचारकहरू गाउँ गाउँ शहर शहरमा पठाउन अत्यन्त अनिवार्य भएको छ। प्रचार गर्न र गवाही दिने काममा पवित्र आत्माको प्रभावले अत्यन्त महत्त्वपूर्ण भाग खेल्छ भन्ने कुरामा कसैको दुईमत त छैन। तर अध्ययनशील भएर र अनुभवी गैरमिशन कर्मचारीहरूसँग तालिम लिएर अघि बढ्ने आवश्यकता परमेश्वरका जनहरूले ठान्नु जरुरी छ। विभिन्न किसिमका सेवाको निम्ति र परमेश्वरको कामको निम्ति चर्चहरूले विश्वासीहरूलाई तालिम दिन धेरै प्रयास गर्नुपर्छ र साथै त्यस कामको निम्ति चाहिने सामग्रीहरू पनि तिनीहरूलाई उपलव्धी गराउनुपर्दछ। ती पावलको भावना सम्मत छन्, किनभने एफिसी ४:११,१२मा त्यहि खालको निर्देशन चर्चहरूलाई उनले दिएका थिए।

परमेश्वरले अगुवाहरूलाई कुनै न कुनै दक्षताले सुसम्पन्न गराउनुभएको छ ताकि ती दक्षताले तिनीहरू अगुवाभएर काम गरून् र अरूलाई सेवाकार्य गर्न तालिम दिन सकुन्। चर्चका अगुवा, पास्टर, प्रचारक वा गस्पल वर्करसहरूले बाइबलको निर्देशन पालन नगरेको ठहरिन्छ यदि अरूलाई तालिम नदिइ आफूले मात्र काम गरे भने। अरूलाई सेवाको निम्ति प्रोत्साहन नगर्ने कुनै पनि अगुवा असफल अगुवामा गनिन सक्दछ। यस संसारले पापबाट मुक्ति पाउनुपर्छ भन्ने परमेश्वरको चाहना हो भनेर प्रचार गर्ने र गवाही दिन तालिम पाएकाहरू र पाइरहेकाहरूले हृदयदेखि कट्टर विश्वास गर्नुपर्दछ। पापमा फसिरहेको संसारमा गएर मानिसहरूलाई सुसमाचार प्रचार गर्ने र उहाँको चर्च

बढाउने उहाँको चाहनाको जिम्मेवारी प्रत्येक तालिमप्राप्त विश्वासीहरूलाई दिएको छ भनेर तिनीहरूले विश्वास गर्नैं पर्छ।

**मत्ती ४:१९ र मर्कूस १:१७सँग मत्ती २८:१९ पढ्नुहोस्। ती पदहरूलाई ख्यालमा राखेर, "मेरो पछि लाग र म तिनिहरूलाई मानिसहरूको माझी बनाउँछु" येशूको निर्देशनलाई तपाईंले कत्तिको महत्त्वपूर्ण मान्नु हुन्छ? आजका हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई येशूको उपरोक्त वचनको अर्थ के हुनुपर्दछ? हामी आफ्नो वन्दव्यापार तथा काममा मात्र व्यस्त त हौंला, तर मानिसहरूलाई ख्रीष्टतिर तान्ने काम हामीबाट कति भइरहेको छ?**

गहिरिएर पढ्नुहोस्। चेलाहरूलाई मानिसहरूको माझी हुनलाई अर्थात् आफूहरूतिर तान्न येशूले उहाँलाई पछ्याउ भन्नुभएको छैन। यो कुरा अत्यन्त गहिरो छ। तर उहाँले भन्नु भयो, "मेरो पछि लाग, म तिमीहरूलाई मानिसहरूको माझी बनाउँछु।" सुरूदेखि नै सुसमाचार फैलाउन महत्त्वपूर्ण तालिम लिनुपर्छ भन्ने ज्ञान ती चेलाहरूमा थियो। उहाँको कामको निम्ति तालिम लिन येशूले तिनीहरूलाई आह्वान गर्नुभएको थियो। येशूले गर्नुभएको कामद्वारा र आफैले गर्ने कामहरूद्वारा चेलाहरूले धेरै कुरा सिक्नु परेको थियो। जब तिनीहरूले के काम गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने ज्ञान प्राप्त हुन्छ तब तिनीहरूलाई प्रचार गर्न उहाँले विश्वमा पठाउने उहाँको योजना थियो। हाम्रा छिमेकी वा जहिँपनि सुसमाचार प्रचार गर्न उचित तालिम बिना संभव देखिन्दैन।

## २. हेरेर सिक्ने (मत्ती १४:१३-२१)

प्रभुको सेवा गर्न चाहनेले दुई किसिमबाट सिक्न सकिन्छ। एक किसिमले अर्को किसिममा लैजान्छ। प्रथमतः येशूलाई चिन्न सिक्नुपर्दछ। अनि अरूलाई उहाँको बारेमा सिकाउन जान्नुपर्दछ। यस पापी संसारमा येशूले के दिन चाहनुहुन्छ सो हामीले बाँड्नुपर्दछ।

**भोकाएकाहरूदेखि येशू मार्मिक हुनुभएर उहाँले तिनीहरूलाई माछा र रोटी ख्वाउनु भएको थियो। उहाँले ५,०००लाई सामुहिकरूपमा ख्वाउनुभएको विवरण देहायका पदहरूमा पढ्नुहोस्ः मत्ती १४:१३-२१, मर्कूस ६:३०-४४, लूका ९:१०-१७, यूहन्ना ६:१-१४। भविष्यमा सेवाकार्यको निम्ति उपरोक्त घट्नाले चेलाहरूलाई कसरी तयार पारेका**

**थिए? येशूले गर्नुभएको त्यस आश्चर्य कामबाट तिनीहरूले के के सिकेका थिए, त्यसको सूची बनाउनुहोस्। सुसमाचारको पुस्तकहरूमा नभएतापनि तिनीहरूले त्यस घट्नाबाट चेलाहरूले यी यी कुराहरू सिके भनेर हामी कसरी निष्कर्ष निकाल्न सक्छौं? ती निष्कर्ष बाइबलको मर्मसँग मिल्छ भनेर हामी कसरी यकिन हुनसक्दछौं? यस विषयमा एलेन जी ह्वाइटले पनि *द डिजायर अभ एजेज्,* पृ. ३६४-३७१मा अझ प्रकाश पारेकिछिन्। यदि तपाईंको पहुँचमा छ भने पढ्नुहोस्।**

सर्वोकृष्ट प्रचारक येशूको मुखारबाट निस्किएका वचनहरू सुन्न र परमेश्वरको राज्यको बारेमा उहाँको सिकाउने शैलीको अध्ययन गर्नु कस्तो रमाइलो र उल्लासमय हुनेथियो होला (लूका ९:११)? प्रत्येकको हृदयमा परमेश्वरको राज्यको चाहना जागरण गराउन उहाँको शिक्षादिक्षाले कत्तिको काम गर्छ भन्ने ज्ञान उहाँमा थियो।

अरूले गरेको कामबाट सिक्ने तरिका अत्यन्त महत्त्वपूर्ण मान्नुपर्छ भनेर सबैले महशूस गर्नुपर्छ। किताब पढेर वा अरूले भनेक भरमा मात्र हामी सिक्नसक्दैनौं। तर त्यसबाट हामीलाई उपलव्ध गराइएको ज्ञानलाई व्यवहारीकरूपमा उतारिएको हामीले देख्नुपर्दछ। क्रियाकलापमा लागु हुनसक्नेको आधारमा हामीले औपचारिक रूपमा सिकेका वा सुनेका कुराहरूको मूल्याङ्कन गर्नुपर्दछ। बप्तिस्मा दिने यूहन्नाका चेलाहरूले येशूले गर्नुभएका कामहरूबाट सिकुन् भन्ने उहाँले अपेक्षा गर्नुभएको थियो।

**मत्ती ११:१-११ ध्यान दिएर पढ्नुहोस्। बप्तिस्मा दिने यूहन्नाका चेलाहरूले के देखेका थिए? अनि उनीहरूले यूहन्नालाई के समाचार दिउन् भनेर येशूले अपेक्षा गर्नुभएको थियो? यूहन्नाका र आफ्नै चेलाहरूलाई येशूले के पाठ सिकाइरहनुभएको थियो?**

येशूले आफ्नो सेवाकार्य सुरू गर्नु भन्दा अघि नै बप्तिस्मा दिने यूहन्नाले संसारको पाठ उठाइ लैजाने परमेश्वरको थुमा भनेर उहाँलाई औंल्याएका थिए। तर येरुशलेमका निरङकुस राजा हेरोडले यूहन्नालाई वन्दी बनाएको थियो। उनको प्रचार गर्ने अवसरलाई राजाले खोसेको थियो। उनले येशूको सेवाकार्यको बारेमा सुनेका थिए। आफू झ्यालखानामा परेर मृत्युको प्रतिक्षा गरिरहेको यूहन्नाको मनमा महान् आशा राखेर औंल्याइएको येशूप्रति शङ्का गर्नु अस्वाभाविक थिएन। दु:खमा शङ्का उत्पन्न त हुन्छ नै। तर यस्तो अवस्थामा हामी येशूकहाँ

नै जानुपर्दछ। यूहन्नाको त्यो अनुकरणीय कदमलाई हामीले पनि पछ्याउनुपर्दछ। यूहन्नाको शङ्का निवारण गर्न उनका चेलाहरूलाई आफूले देखेका र सुनेका कुराहरू उनलाई गएर भन भनेर उहाँले अराउनुभएको थियो। यस समाचारले यूहन्नालाई हौशला मिलेको थियो। तर बप्तिस्मा दिने यूहन्नाका चेलाहरूको जीवनमा आफूहरूले देखेका र सुनेका येशूका क्रियाकलापहरूले गवाही दिन र प्रचार गर्ने काममा कतिको प्रभाव पारेका थिए भन्ने कुरालाई हामीले अनुमानमात्र गर्नसक्दछौं।

**हो कतिपय समयमा येशूले गर्नुभएको आश्चर्य काम हामी गर्नसक्दैनौं। यदि हामी आफ्नो स्वार्थलाई त्याग्न चाहन्छौं, आफ्नो भाऊलाई पन्छाउन राजी हुन्छौं र अरूको निम्ति जीउन तयार छौं भने यस संसारमा रहँदा येशूले गर्नुभएको केहि न केहि काम जतिसुकै सिमितमा भएतापनि हामीले कसरी गर्नसक्छौं?**

## ३. गरेर सिक्ने (मत्ती १०:१-१४)

खेल मनपर्ने मानिसले आफूले रुचाएको खेलको बारेमा जतिसुकै पढेपनि, वा मन पर्ने खेल जतिसुकै हेरेतापनि यदि त्यो खेल आफूले पनि खेल्न चाहन्छ भने त्यो व्यक्ति खेल मैदानमा आफै गएर खेल्नुपर्दछ। यसलाई आफ्नै अनुभवबाट सिक्ने पद्धति भनिन्छ। यसको अर्थ गरेर सिक्नु हो। कुनै पनि काम गरेर नसिक्ने मानिसले त्यस कामको निम्ति योग्य हुँदैन। यहि पद्धति पनि इसाईको जीवनमा गवाही दिने र सुसमाचार प्रचार गर्ने मामिलामा लागु हुन्छ। चर्चको कार्यक्रममा आफू भाग लिन चाहँदिन किनभने त्यसको लागि म पूर्णरूपमा तयार छैन भनेर कतिपयले भनेको हामी सुन्दछौं। तर चर्चको कार्यक्रममा चासो देखाउनु र सक्रिय हुनु नै चर्चको काममा तयार हुनु हो भन्ने महत्त्वपूर्ण ज्ञान सबै विश्वासीमा हुनुपर्दछ। सुरूमा सानोतिनो काममा भाग लिनु र कदम कदममा अघि बढेर चर्चको आत्मिक निर्माणमा अग्रसर हुनुपर्दछ। जब पवित्र आत्माको अगुवाईमा हामी हिंड्छौं तब हाम्रा शीप, अनुभव र विश्वास पनि वढ्दै जान्छन्।

**आफ्ना चेलाहरूलाई येशूले कसरी तालिम दिनुभयो र तिनीहरूलाई जनसमक्ष पठाउनुभयो भनेर मत्ती १०:१-११ले पुष्टि गरेको छ। हो, आजको परिवेश त्यसबेलाको भन्दा केहि फरक नै होला। तर**

**येशूले चेलाहरूलाई प्रचार गर्न पठाउनुभएको काम उनीहरूको निम्ति तालिम थियो भनेर हामीले कसरी बुझ्ने?**

कोठाभित्र येशूले चेलाहरूलाई कतिपय कुराहरू सिकाउनुभएको थियो। तर चेलाहरूलाई उहाँले बाहिर पनि लानु भएको थियो, र उहाँले के गर्नुभएको थियो त्यसलाई हेरेर सिकोस् भन्ने उहाँको चाहना थियो। अनि बिमारलाई निको पार्ने, मरेकोलाई उठाउने र भुतहरूलाई धपाउने शक्ति येशूले तिनीहरूलाई दिनुभएको थियो (मत्ती ११:८)। पछि उहाँले चेलाहरूलाई आफू सँगै नगइकन उनीहरूलाई मात्र गाउँ घरहरूमा पठाउनु भयो। तर तिनीहरूलाई प्रचार गर्न पठाउनु भन्दा अघि उहाँले तिनीहरूलाई कति सिकाउनु भएको थियो, त्यो पनि ख्याल गर्नुहोस्। के प्रचार गर्ने, के आश्चर्य काम गर्ने, साथमा के नलाने, राती कोसँग बस्ने, र प्रचार गर्दा कसैले सुन्न चाहेनन् भनेर त्यसबाट कसरी हटेर जाने जस्ता निर्देशनहरू येशूले ती चेलाहरूलाई दिनुभएको थियो। यसको साथै अरू शिक्षादिक्षा तथा निर्देशनहरू पनि चेलाहरूले पाएका थिए भन्ने कुरामा हामी ढुक्क हुनसक्छौं।

मानिसहरूसँग घुलमिल भएर काम गर्दा नै येशूका चेलाहरूले धेरै महत्त्वपूर्ण पाठहरू सिकेका थिए। माथिका पदहरूले काम गरेरै तालिम ती चेलाहरूले पाएका थिए। त्यसलाई अन-द-जब ट्रेनिङ्ग पनि भनिन्छ। मानिसहरूसँग सिधा सम्पर्क नगरि वा उनीहरूसँगै नरहि चेलाहरूले परमेश्वरको काम गर्न सक्दैनथे। यो महत्त्वपूर्ण शिक्षण शैलीलाई हामीले कहिलै पनि बिर्सनुहुन्न। (अर्थात् आफूमा भएको कृपा, दया माया, शिक्षादिक्षा, कुनै गुफा वा जङ्गलमा कुटी टाँगेर देखाइन्दैनन् वा सिकाइन्दैनन् तर मानिसहरूकै माझमा रहेर परमेश्वरको अमूल्य कुराहरू सिकाउनुपर्दछ)।

**लूका १०:१-११ पनि पढ्नुहोस्। बान्ह र सत्तरी जनालाई येशूले के निर्देशनहरू दिनुभएको थियो? फेरि ती निर्देशनहरूबाट हामीले के पाठ वा महत्त्वपूर्ण शुत्रहरू सिक्नसक्दछौं?**

आफू जाने योजना बनाउनुभएकै स्थानमा येशूले पहिला आफ्ना चेलाहरूलाई पठाउनुभएको थियो (पद १)। तर येशू स्वर्गमा गइसक्नुभएपछि चेलाहरू र अरू प्रचारकहरूले कस्ता कस्ता कुराहरूको सामना गर्नुपर्छ भनेर उहाँलाई थाहा थियो। सत्तरी जना चेलाहरूलाई दिनुभएको निर्देशनले भविष्यमा तिनीहरूले के कुराहरूको सामना

गर्नुपर्नेछ भनेर उहाँले सिकाउनुभएको थियो ताकि तिनीहरू त्यसको निम्ति तयार हुनसकोस्।

**जब अवसर आउँछ तब आफ्नो गवाही मानिसहरूलाई नदिन के के र कस्ता कस्ता वाहानाहरू तपाईंले रच्न सफल हुनुभएको छ? प्रायजसो तपाईंको सामान्य बाहाना के हो?**

## ४. असफलबाट सिक्ने (१ पत्रुस ५:८)

हामीले तय गरेका लक्ष्यहरूमा हामी सधैं पुग्छौं भन्ने छैन। यसको अर्थ के हामी असफल भयौं भन्न खोजेको हो त? अहँ, कदामी होइन! हामीले जतिसुकै होशियारीपना अपनाएर प्रचार गर्ने योजना बनाएतापनि त्यो योजनामा सफलता पनि हुन्छ र असफलता पनि। हाम्रा लक्ष्यहरू ठूला ठूला हुनसक्ला। हुनसक्छ हाम्रो प्रचारको लक्ष्य यतिजना मानिसहरूलाई बप्तिस्मा दिने भनेर राख्छौं होला। तर त्यो लक्ष्य पूरै हुनुपर्छ भन्ने छैन किनभने त्यो यथार्थ वा व्यवाहारिक नहुनसक्छ। प्रथम् चरणको प्रचार कार्यक्रममा बिऊ रोप्ने मात्र हुनसक्छ, तर त्यसबाट कटानी नै हुनुपर्छ भन्ने छैन। हामीले प्रचार गर्दा मानिसहरू मख्ख भएर सुन्न सक्छ होला, तर त्यसो भए भन्दैमा तिनीहरू बप्तिस्मा लिन तयार भए भन्ने छैन। त्यो समय केवल परमेश्वरको वचनको बिऊ रोप्ने समयमात्र हुनसक्छ। हाम्रो प्रचारप्रसार कार्यक्रमको उपलव्धी हामीले चिताएको जस्तै हुन्छ भन्ने कुरा सधैं थाहा हुँदैन।

**"सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियावलस अर्थात् सैतान कसलाई भेट्टाउँ र खाइहालुँ भनेर गर्जने सिहँझैं तिमीहरूलाई खोजिरहन्छ।" (१ पत्रूस ५:८ रूपान्तरित)। परमेश्वरको राज्यको निम्ति तपाईंको कार्यक्रम तथा कामलाई नाश पार्न कुन् शक्ति लागिरहेको छ भनेर पत्रुसको उपरोक्त कथनमा हामी पाउँछौं? यो ज्ञानलाई थाहा पाएर गवाही र प्रचारको कार्यक्रम तयार गर्न हामी अझ कति होशियार हुनसक्छौं त?**

मानिसहरूलाई परमेश्वरतिर तान्ने हाम्रो सबै प्रयासहरूको बिचमा शक्तिशाली शत्रु वा विरोधी सैतान पनि अत्यन्त क्रियाशील भइरहेको हामी भेट्टाउनेछौं। सुसमाचारको खिलाफमा उसले मानिसहरूलाई प्रभाव पारिरहेको हुन्छ। जब हामी परमेश्वरको हातबाट फुत्किएर काम गर्न

खोज्छौं तब त्यस दुष्टले हाम्रो काममा झन बढि वाधा दिन मौका पाएको हुन्छ। त्यस सिहँरूपी सैतानको पासोबाट उम्किरहन वा सुरक्षित रहन केवल एउटैमात्र उपाय छः त्यो हो प्रत्येक पलपलमा हाम्रो जीवन येशूमा सुम्पिरहनु। उहाँमा अर्पित जीवन नै सैतानको जालोबाट उम्किरहने जीवन हो।

जब आदम र हवाले पाप गरे, तिनीहरूले एक आर्कालाई दोष लगाएर त्यस पापबाट मुक्त हुन खोजेका थिए। त्यसरी नै हाम्रो असफलतालाई एक आपसमा दोष लगाएर पन्छाउन प्रयास गर्न सक्छौं। यो सैतानले उपयोग गर्ने धारिलो र खतरनाक हतियार हो। परमेश्वरका जनहरू एकमत नहुन् भन्ने सैतानको चाहना हो। एक आपसमा मनमुटाव वा दोष दिने मनस्थिति जारी राख्न असहमत तथा अरूलाई औंल्याउने सफल हतियार सैतानले प्रयोग गरिरहेको हुन्छ। अरू मानिसको दोषलाई केलाइरहनुभन्दा बरू इमान्दारीपूर्वक हाम्रा आफ्नै हृदयहरूको मूल्याङ्कन गर्नु उचित हुन्छ। संसारको निपुण प्रचारक र वक्ता येशूले पनि सबैको मन जित्नुभएको थिएन भन्ने कुरालाई सम्झनु आवश्यक छ। उहाँले चाहनुभएको प्रत्येकलाई त उहाँको अनुयायी बनाउनु भएन भने के हामीले बनाउन सक्छौं भनेर कम्मर कसेर हुन्छ?

**लूका १०:१७ र मत्ती १७:१४-२० पढ्नुहोस्। जब आफ्ना प्रचारका कार्यक्रममा चेलाहरूले असफलताको सामना गरेका थिए तब तिनीहरूले के गरे त?**

हाम्रा प्रयासहरू असफल भए भन्दैमा हामी हतोत्सह हुनुहुँदैन। बरू, येशूका चेलाहरूबाट पनि हामी यहाँ पाठ सिक्नसक्दछौं। निसन्देह, दुष्ट आत्माहरूलाई नियन्त्रण गर्न चेलाहरूलाई येशूले शक्ति दिनुभएको थियो, र त्यसलाई चेलाहरूले सफलतापूर्वक प्रयोग गरि दुष्ट आत्माहरूलाई पन्छाएका थिए। तर येशूले गर भन्नुभएको कुरालाई तिनीहरूले सधैं सफलतापूर्वक सम्पन्न गरे भनेर बाइबलले पुष्टि गरेको छैन। तिनीहरूले असफलताको पनि सामना गरेका थिए। यस्तो अवस्थामा तिनीहरू हतोत्साह नभएर येशूकहाँ आएका थिए र आफ्ना असफलता किन भयो भनेर येशूसँग सोधपूछ गरेका थिए (मत्ती १७:१९ पढ्नुहोस्)। यहि नितिलाई हामीले पनि पछ्यायौं भने हामीलाई हितकर हुन्छ। चेलाको निति नै बुद्धिमान निति भनेर हामीले आत्मसात् गर्नुपर्दछ। हाम्रा प्रचार र गवाहीको कार्यक्रमको असफलतालाई

मूल्याङ्कन गरेर त्यसलाई कसरी सुधार्ने भनेर मनस्थिति लिएर परमेश्वरकहाँ आउने निति अत्यन्त महत्त्वपूर्ण निति हो।

**प्रचार र गवाही दिने दौरानमा तपाईंले कतिपल्ट असफलता हासिल गर्नुभयो होला। तर त्यसबाट भविष्यमा राम्ररी गर्दै जाने पाठ कसरी सिक्नुभयो? तपाईंको असफलताले तपाईंलाई कतिपल्ट दबाइराखेका थिए?**

## ५. सफलताबाट सिक्नु (२ पत्रुस ३:९)

सफलताबाट हामीले दुई क्षेत्रहरूमा पाठ सिक्न सक्दछौं। ती हुन्: (१). व्यवाहारिक ज्ञानबाट सिक्ने पक्ष र (२) आध्यात्मिक सहकारिता पक्ष। तर दुवै क्षेत्रहरूमा पनि आध्यात्मिक पक्षहरू छन्। हामीले पाएका सफलताबाट राम्ररी सिक्न ती दुवै पक्षहरूलाई फरक फरक गरेर हेर्नेछौं।

व्यवाहारिकबाट सिक्ने पाठबाट हामी के गर्न सक्छौं भन्ने ज्ञान हामीले पाउँछौं। हामीहरूको क्षेत्रमा बाइबलका पाठहरू कसरी सिकाउँदा सफल हुनेरहेछ भनेर बाइबल सिकाउने उपायहरू व्यवहारिक ज्ञानबाट पत्ता लगाउँछौं। कस्तो खालका र कसरी प्रचार गर्दा मानिसहरूको मन पग्लिन्छ, कस्ता खालका विज्ञापनद्वारा मानिसहरूको ध्यान प्रचार कार्यक्रममा आउन आकर्षित गरिन्छ, र अरू के के गरे हामीले गरेको प्रचारको प्रयास सफल हुनेरहेछ भन्ने कुराहरू हामीले भोगेका कुराहरूबाट सिक्दछौं। कुन ठाउँको निम्ति कस्तो खालको कार्यक्रम गर्नुपर्छ भनेर पनि हाम्रै अनुभवबाट सिक्न सक्दछौं।

विश्वासीको प्रचार र गवाही दिने कार्यक्रममा परमेश्वर कत्तिको नजिक भएर हामीसँग समावेश हुनुभएको छ भनेर आध्यात्मिक सहकार्य पक्षले हामीलाई औंल्याउँछन्। यस संसारमा जन्मेका प्रत्येक मानिसले अनन्त जीवनको सुखद अनुभव गर्न सकुन् भन्ने परमेश्वरको चाहना हो।

**"(आफ्नो दोश्रो आगमनलाई लिएर) आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भएतापिन उहाँ ढिलो गर्नुहुन्न, तर कोहि पनि नाश नहोस्, तर सबै जनाले पश्चाताप गरून् भन्ने प्रभुको इच्छा भएकोले नै उहाँ तिमीहरूप्रति धैर्यवान हुनुभएकोछ।" (२ पत्रुस ३:९ रूपान्तरित)। हामीले गर्ने सबै प्रचार र गवाही दिने कार्यक्रमहरूमा पत्रुसको उपरोक्त कथनलाई किन हामीले हरदम मनमा**

**राखीरहनुपर्दछ? त्यो वचनलाई दावी गरिरहन हामी किन छोड्नुहुन्न? १ कोरन्थी ३:६ पनि पढ्नुहोस्।**

यदि कसैले पानी हालेन भने केवल बिऊमात्र छरेर काम लाग्दैन। फेरि त्यसै गरि बिऊ रोपेको ठाउँमा पानी नदिइ अन्तै पानी दियो भनेपनि त्यो दिएको पानीको केहि अर्थ हुँदैन। फेरि बिऊ छर्ने व्यक्ति र पानी दिने मानिसले ठिकै काम गरेतापनि परमेश्वरको सहयोगबिना त्यहाँ असली कटानी हुँदैन। हामीले नम्रपूर्वक सम्हालेको प्रचारको कार्यक्रमलाई परमेश्वरले आशिष दिनुभएको छ भने, त्यसबाट हामी धेरै कुराहरू सिक्नु सक्दछौं। हामीले गरेको काममा हामी कत्तिको सक्रिय र हृदयदेखि काम गरेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा पनि हाम्रो आत्मिक अनुभवबाट सिक्दछौं। सबै मानवजातिको निम्ति मर्नुभएको येशूको कामलाई अगाडि बढाउन जब हामी खोज्छौं तब परमेश्वरसँग कसरी नजिक भएर काम गर्नुपर्ने रहेछ भन्ने महत्त्वपूर्ण आत्मज्ञान पनि हामी सिक्दछौं। यो किनभने, तपाईंको जीवनमा कोहि यस्ता व्यक्ति तपाईंको सम्पर्कमा आउँदैन जसको लागि येशू मर्नुभएन र साथै उसले अनन्त जीवन पाउन् भन्ने ख्रीष्टको इच्छा हुँदैन। त्यस व्यक्तिको अनन्त जीवनको लक्ष्य निर्धारण हुन तपाईंको गवाहीले प्रमूख भूमिका खेल्न सक्दछ। यो उल्लेखनीय सत्य हामीले कहिले पनि बिर्सनुहुन्न। (हाम्रो जीवनको दैनिक आचरणमा त्यस सत्यलाई आत्मसात् गरिराख्ने हाम्रो धर्म तथा कर्तव्य हो)।

**“दाखको बोट मै हुँ। तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोहि ममा रहिरह्यौ भने, र त्यसमा म रहिरहेँ भने, त्यसले धेरै फल फलाउँछ। किनभने तिमीहरू मबाट अलग भएर बस्यौ भने तिमीहरूले केहिपनि गर्न सक्दैनौ।" (यूहन्ना १५:५ रूपान्तरित)। हामीहरूको प्रचार र गवाही दिने काममा र हाम्रै जीवनमा पनि येशूको उपरोक्त वाणीलाई अक्षरस रूपमा कसरी लिन सक्दछौं? चाहे व्यक्तिगत रूपमा होस् वा सामुहिक प्रचार गर्ने टोलीमा होस्, येशूको त्यस बाणीलाई सत्यरूपमा हामी कसरी अनुभव गर्नसक्दछौं? यस्तो खालको सम्वन्ध उहाँमा राखीरहन हाम्रो जीवनमा कस्तो खालको परिवर्तन आउनुपर्दछ?**

## उपसंहार

**थप जानकारीः सुमाचार प्रचार गर्ने योजना तयार गर्नुहोस्।**

तपाईंको चर्चले जब प्रचार गर्ने कार्यक्रम बनाउँछन् तब देहायका केहि सुझावहरूलाई ध्यान दिनुहोस्ः

१. जब प्रचार गर्ने योजना बनाउनुहुन्छ तब प्रचार गर्ने र गवाही दिने कार्यदलका सम्पूर्ण सदस्यहरूलाई भाग लिन लगाउनुहोस्। यस प्रक्रियाले गर्दा लक्ष्य निर्धारण गर्न र त्यस लक्ष्यमा पुग्ने कार्यक्रममा सक्रियतासाथ सारा चर्च नै सरिक हुने अवसर पाउँछन्।

२. अर्को वर्ष के गर्न भनेर योजना बनाउनुहोस्। बाऱ्ह महिनाभरी के के काम गर्ने भन्ने योजना सुरूमा राम्रो हो। तर पछि पछिका वर्षहरूमा के गर्न भन्ने संभाव्य योजनाहरू थप्न सकिन्छ।

३. जो जो मानिसहरू कार्यक्रम सफल बनाउन भाग लिएका हुन्छन् वा सहायता गरेका हुन्छन् तिनीहरूप्रति पनि विशेष ध्यान दिनुहोस्। कुन समयमा के गर्ने भन्ने कुराहरूलाई तिनीहरूबाट के अपेक्षा गरेको हुन्छ सो तिनीहरूलाई जानकारी गराउनुहोस्। जब मानिसहरूले कहाँ के गर्ने, कसरी सहयोग गर्ने जस्ता कुराहरूमा ध्यान दिन सकेन वा चर्चको कार्यक्रम लटरपटरसाथ गऱ्यौं भने चर्चले तय गरेको लक्ष्यमा पुग्न ढिलो हुनसक्दछ वा नपुग्न पनि सक्दछ।

**चिन्तनमननः**

अ. "प्रत्येक चर्च इसाई कार्यकर्ताहरूको निम्ति तालिम केन्द्र हुनुपर्दछ।"-एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. १४९बाट रूपान्तरित। यस पक्षमा तपाईंको स्थानिय चर्चले कस्तो भूमिका खेलिरहेको छ? यदि केहि पनि गरेको छैन भने त्यसलाई सुधार्न तपाईंले के गर्नुपर्दछ? चर्चमा श्रोतावर्ग र अगुवा वर्गको बिचमा भएको अन्तरलाई कसरी पूर्ने?

आ. "ख्रीष्ट येशूको बारेमा प्रचार गर्ने र गवाही दिने कार्यक्रमलाई कसरी सुस्त वा ढिलो गर्ने भन्ने योजना सैतानले हरेक दिन गरिनै रहेको हुन्छ। यदि परमेश्वरले खटाउनुभएका मानिसहरू येशूको अगाडि झुकेन र विनम्र बन्न सकेन भने तिनीहरू सैतानको धरापमा सजिलैसँग पर्न सक्दछन्। किनभने सैतान बढो सतर्क भएर परमेश्वरको जनहरूलाई चियो गरिरहेको

हुन्छ। अनि परमेश्वरको निम्ति काम गर्नेहरू प्रार्थनापूर्वक अघि बढेन भने तिनीहरूले थाहै नपाइ सैतानले तिनीहरूलाई धोका दिनसक्दछ। चोरले जस्तै सैतानले पनि राती ती मानिसहरूलाई हमला गर्न सक्दछ र तिनीहरूलाई उसको दास बनाउन सक्दछ। सैतानको पासोमा परेपछि उसले ती मानिसहरूको दिमागलाई नियन्त्रणमा लिन्छ र तिनीहरूले गरेका बिचार र योजनालाई परिवर्तन गरिदिन्छ। यस्तो परिस्थितिमा यदि कोहि विश्वासी भाइबहिनीहरूले प्रचार गर्ने व्यक्तिलाई सतर्क गऱ्यो भने त्यो व्यक्तिको चित्त दुख्न सक्दछ। र आफूले पाएको सुझावदेखि आफ्नो अपमान भएको आभास उसले पाउँदछ। आफूले गरेको कामलाई बाधा दिन खोजीरहेको छ, कमजोर बनाउन खोजीरहेको छ भनेर अरूप्रति मनमुताव भावनाले त्यस मानिस प्रेरित हुनसक्दछ। यो यथास्थितमा चर्चको एकजना कार्यकर्ता एकतिर जान्छ भने अर्को अर्को उल्टो दिशातिर जान्छ।"-एलेन जी ह्वाइट, इभान्जलिजम, पृ. १०१बाट रूपान्तरित। हामीहरूले गर्ने प्रचार र गवाही दिने कार्यक्रममा एलेन जी ह्वाइटले दिनुभएको उक्त स्पष्ट चेतावनीलाई कसरी आत्मसात् गर्ने? उनले हामीलाई देखाउनुभएको खतराप्रति कसरी सतर्क भएर बस्ने? हाम्रो प्रतिरक्षा के हो?

इ. चर्चको कुनचाहिँ योजना सफल भयो भनेर एकआपसमा छलफल गर्नुहोस्। तिनीहरूबाट तपाईंले के सिक्न सक्नुहुन्छ? तपाईंको कार्यक्षेत्रमा के काम गरे सफल हुन्छ भन्ने कुरालाई स्विकारेर तपाईं चल्न सिक्नुहुन्छ? प्रत्येक परिस्थिति भिन्नाभिन्नै हुन्छ भन्ने कुरालाई हामीले कहिलै पनि बिर्सनुहुन्न। एउटा ठाउँमा सफल भयो भन्दैमा अर्को ठाउँमा पनि त्यहि योजना सफल हुन्छ भन्ने छैन।